तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७५-५२०७०९, ५२०८१३, ५२०७२९, ५२०१०९

Email: info@tansenmun.gov.np, ito.tansenmun@gmail.com
website: www.tansenmun.gov.np


पत्र संख्या : २०७८/०७९
चनं : २६२१

मिति : २०७९।०२।२३

विषय : जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
तानसेन नगरपालिका, पाल्पा ।

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोगवाट मिति २०७९।२।१६ गते जारी गरिएको सूचना र यस कार्यालयको मिति २०७९।२।२३ गतेको सूचना वडा कार्यालयको जानकारीको लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ । संलग्न सूचना अनुसार त्यस वडामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीको लगत संकलन गर्न बाँकी रहेको भए पत्रको मितिले ५ दिन भित्रमा यस कार्यालयमा विवरण उपलव्ध गराई सूचना बमोजिम छुट भएका लाभग्राहीहरुको लगत संकलन/कार्यान्वयनको व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

वोधार्थ
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल काठमाण्डौं ।
श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समितिको कार्यालय, पाल्पा ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

## तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७५-५२०१०९, ५२०८९१, ५२०१२९, ५२०९०९

Email: info@tansenmun.gov.np, ito.tansenmun@gmail.com
website: www.tansenmun.gov.np


पत्र संख्या : १/प्र./२०७८/०७९
च.नं. :

## सूचना

मिति : २०७९।०२।२३

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोगको सूचना बमोजिम तानसेन नगरपालिकाको सम्पूर्ण वडाहरुमा यस अघी भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन कार्य अगाडि वढाइएको र स्थानीय तहको निर्वाचन, २०७९ का कारण आयोगको मिति २०७९।१।९ गतेको सूचनावाट स्थगित भएकोमा आयोगको मिति २०७९।२।१६ गतेको सूचनाका आधारमा मिति २०७९।०२।२३ गते देखि २०७९।०३।०६ गतेसम्मको लागि पुनः सुचारु गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यसै सूचनावाट सूचित गरिन्छ ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत


पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

फोन नं. : ०१-५३१२९३६/५३१३९३२

## लगत संकलन सम्बन्धी कार्यहरु पुन: सुचारु गरिएको सूचना !

**प्रकाशित मिति : २०७९/०२/१६**

मिति २०७९।०१।०९ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाअनुसार स्थगित गरिएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलन सम्बन्धी कार्यहरू बाँकी अवधीका लागि मिति २०७९/०२/२३ गतेदेखि पुन: सुचारु गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यसै सूचनाबाट सूचित गरिन्छ ।

CamScanner

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

फोन नं. ०१-५३१२९३६/५३१३९३२

## जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणित लगायतका विषयमा निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना ।

प्रकाशित मिति : २०७९/०२/१२ गते

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा ३५ (पैंतिस) दिनभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

CS CamScanner